कर्णाली प्रदेश सरकार
फोन: ०८३-५२१३८६
फ्याक्स : ०८३-५२०२७१
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## लघु औद्योगिक ग्राम सञ्चालक समिति अध्यक्षको पदपुर्ति सम्बन्धि सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२२)

लघु औद्योगिक ग्राम सञ्चालक समिति सुर्खेतको अध्यक्ष पदको खुला प्रतिष्प्रर्धा मार्फत पदपूर्ति गरिने भएकोले लघु औद्योगिक ग्राम सञ्चालन कार्यविधि, २०७९ (पहिलो संशोधन) बमोजिम देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. सञ्चालक समितिको अध्यक्षको योग्यता:
   क. ६५ वर्ष ननाघेको नेपाली नागरिक,
   ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एसएलसी वा सो सरहको शैक्षिक योग्यता भएको,
   ग. सुर्खेत जिल्लाको स्थायी बासिन्दा,
   घ. मानसिक सन्तुलन नविग्रिएको तथा फौजदारी अभियोग नलागेको,
   ङ. कुनै राजनीतिक दलमा आवद्धता नभएको,
   च. सुर्खेत जिल्लामा उद्योग दर्ता भै कम्तिमा १० बर्षदेखि सञ्चालनको अवस्थामा रहेको,
२. दरखास्त साथ पेश गर्नु पर्ने कागजात तथा अन्य विवरण:
   क. प्रोप्राइटर फर्म (उद्योग)को सञ्चालक भए निजको एकल प्रस्ताव, साझेदार फर्मको सञ्चालक मध्येको सदस्य भए अन्य साझेदारहरुको मञ्जुरीनामा संलग्न हुनुपर्ने,
   ख. प्राइभेट लिमिटेड वा पव्लिक लिमिटेडको सञ्चालक मध्येको सदस्य भए कम्पनीको सञ्चालक समितिको सिफारिस हुनुपर्ने,
   ग. खण्ड (ख) बमोजिमको कम्पनीको हकमा उक्त कम्पनी अनिवार्य रुपमा कर्णाली प्रदेश सरकार मातहतको उद्योग कार्यालयमा दर्ता भएको हुनुपर्ने,
   घ. स्वयमले प्रमाणित गरि नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र, कार्यानुभव, मानसिक सन्तुलन नविग्रिएको तथा फौजदारी अभियोग नलागेको, कुनै राजनीतिक दलमा आवद्धता नभएको स्वघोषणा सहितको निवेदन, आफ्नो नाममा दर्ता भएको उद्योगको प्रमाणपत्र तथा नवीकरण भएको प्रमाणपत्र र लघु औद्योगिक ग्राम सञ्चालन सम्वन्धि ३ वर्षे कार्ययोजना ।
३. दरखास्त सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा पेश गरिसक्नु पर्नेछ । पन्ध्रौ दिनमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा बुझाउन सकिनेछ ।
४. दरखास्त पेश गर्ने ठेगाना: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
५. पेश गरेका कागजात तथा अन्य विवरण झुटो ठहरिय कानून बमोजिम कारबाही हुनेछ । थप जानकारीको लागि यस मन्त्रालयको वेव साईट www.moitfe.karnali.gov.np वा औद्योगिक प्रवर्द्धन शाखा वा ९८६८१२४७९२ बाट जानकारी लिन सकिनेछ ।

का.मु. सचिव